देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

देवदह, रुपन्देही

प्रथम पटक प्रकाशित मिति २०७४/०८/२९

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत यस नगरपालिका कार्यालयमा खटिई काम काज गर्ने गरी सेवा करारमा लिनुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिकाको कार्यालय, देवदहमा दरखास्त दिनुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) रिक्त पदको विवरण:

| क्र.सं. | विज्ञापन नं. | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १ | ०१/२०७४/०७५ | सूचना प्रविधि अधिकृत | १ |

ख) आवश्यक न्यूनतम शैक्षिक योग्यता : लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIC, BCA, BEIT, BSC.IT, BSC CSIT) उपाधि प्राप्त गरेको ।

ग) आवश्यक कागजात : १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २. न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ३. दरखास्त दस्तुर बुझाएको नगदी रसिद । र प्रमाण पत्रका प्रतिलिपीहरु स्वयम प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

घ) उमेरको हद : दरखास्त बुझाउने मितिसम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्ग उमेदवारको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

ङ) कार्यअवधि : हालको लागि सेवा करार अवधि चालू आर्थिक वर्ष २०७४/०७५ (२०७५ असार मसान्त) सम्म हुनेछ ।

च) उमेदवारको छनौट प्रकृया छोटो सूची विधि तथा आवश्यकता अनुसार लिखित, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता हुनेछ ।

छ) दरखास्त फारम यस कार्यालयको वेवसाइट www.devdahamun.gov.np वाट download गरी प्राप्त गर्न सकिनेछ । रितपूर्वक दरखास्त फारम भरी यस कार्यालयमा बुझाउनु पर्नेछ । रित नपुऱ्याई आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

ज) दरखास्त दस्तुर : रु. १०००/- (एक हजार मात्र)

झ) सेवा र सुविधा : मासिक तलव रु. ४००००/- (चालीस हजार)

द्रष्टव्य: विस्तृत जानकारीको लागि देवदह नगर कार्यपालिकाको वेवसाइट www.devdahamun.gov.np मा हेर्नुहुन तथा यस कार्यालयको फोन नं. ०७१-५७७३०३ मा सम्पर्क गर्नुहुन ।

छनौट तथा पदपूर्ति समिति